केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१४/०६७/६८ मिति: २०६७/०९/०७

**इजाजतपत्रप्राप्त बैक तथा राष्ट्रियस्तरका "ख" वर्गका संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा राष्ट्रियस्तरका "ख" वर्गका संस्थाहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ मा भएको व्यवस्था बमोजिम कर्जा प्रवाह गर्ने सन्दर्भमा दुर्गम जिल्लामा शाखा खोल्ने संस्थाहरुलाई देहाय बमोजिमको प्रकृयागत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**<u>शून्य ब्याजदरमा कर्जा प्रवाहसम्बन्धी प्रकृयागत व्यवस्था, २०६७</u>**

आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिमा उल्लेख भए बमोजिम शून्य ब्याजदरमा प्रदान गरिने कर्जा सम्बन्धमा यस बैंकको पत्रसंख्या बै.वि.नि.वि./नीति/परिपत्र/१/०६७/६८, मिति २०६७/०४/२५ को परिपत्रको शाखा कार्यालय खोल्नेसम्बन्धी व्यवस्थाको उप बुदा नं.(ख) ३ बमोजिम तोकिएका २२ जिल्ला सदरमुकाममा शाखा खोलेमा रु.५० लाख र सदरमुकामबाहिर खोलेमा रु.१ करोड कर्जा दिने सम्बन्धमा देहाय बमोजिमको प्रकृयागत व्यवस्था तर्जुमा गरिएको छ ।

१ **निवेदनसाथ हुनुपर्ने कागजात र योग्यता:**

(क) नेपाल सरकारले तोकेका २२ दुर्गम जिल्लाका सदरमुकाम तथा सदरमुकामभन्दा बाहिर स्थापना हुने शाखाहरुको लागि मात्र बैंक तथा वित्तीय संस्थाहरुले यो सुविधा माग गर्न सक्नेछन् ।

(ख) बैंक तथा वित्तीय संस्थाको संचालक समितिले कर्जा लिनेसम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(ग) बैंक तथा वित्तीय संस्थाको सम्बन्धित शाखाको पछिल्लो वित्तीय स्थितिको विवरण पेश गर्नु पर्नेछ ।

२ **यस्तो कर्जाको सुरक्षण निम्नलिखित कुनै पनि वा सबै जायजेथा तथा सुरक्षणपत्रहरु रहने छन् ।**

(क) नेपाल सरकारबाट जारी भएका ऋणपत्रहरु ।

(ख) सो संस्थाको यस बैंकको थापाथलीस्थित बैंकिङ्ग कार्यालय वा अन्य कार्यालयहरुमा प्रयोजन खुलाई वा नखुलाई खोलिएको बैंक खातामा रहेको मौज्दात रकम ।

(ग) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कर्जा लिंदा तयार गरिएको कर्जा तमसुक (अनूसूची १)।

३ **कर्जाको भुक्तानीसम्बन्धी व्यवस्था:**

(क) यस्तो कर्जाको साँवाको भुक्तानी सो कर्जा प्रवाह भएको मितिले ६ महिनाभित्र अनिवार्यरुपमा गर्नुपर्नेछ ।

(ख) कर्जा सुविधा भुक्तानी अवधि अघि नै पूर्व-भुक्तानी (Pre-payment) समेत गर्न सकिने छ ।

(ग) यो कर्जा उपभोग गरेका बैंक तथा वित्तीय संस्थाहरुले साँवा भुक्तानी म्याद समाप्त भएको दिन सो रकम भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकस्थित सम्बन्धित संस्थाको जुनसुकै खाता खर्च लेखी कर्जा असुलउपर गरिलिन र सो को खर्च (Debit) गर्ने अख्तियारी नेपाल राष्ट्र बैंकलाई हुनेछ । यसमा पछि कुनै उजुरी वा दावी लाग्ने छैन ।

(घ) निर्धारित समयभित्र कर्जा भुक्तानी नगरेमा भुक्तानी हुन बाँकी रकममा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सो अवधिमा प्रकाशित गरेको कर्जा तथा सापटको अधिकतम ब्याजदर नै पेनाल ब्याजदर हुनेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

४ **विविध व्यवस्थाः**

(क) नेपाल राष्ट्र बैंकले प्रदान गरेको शून्य ब्याजदरको कर्जा सुविधाको सम्बन्धमा समय समयमा अन्य विवरण मागेको खण्डमा तोकिएको म्यादभित्र ऋणी बैंकले उपलब्ध गराउनु पर्नेछ ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

<u>बोधार्थ</u> :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।